# कालीमाटी गाउँ कार्यपालिकाको चौथो बैठक

आज मिति २०८१।८।१५ गतेका दिन विहान ११.०० बजेको ,समयमा कालिमाटी गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर खत्री के.सी. ज्यूको अध्यक्षतामा तपसिल बमोजिम पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल भई देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दान बहादुर खत्री के.सी. | अध्यक्ष | |
| २ | श्री सनसिल्ता वली डि.सी. | उपाध्यक्ष | |
| ३ | श्री हर्क बहादुर वली | सचिव | |
| ४ | श्री रविलाल बस्नेत | कार्यपालिका सदस्य | |
| ५ | श्री ईन्द्र बहादुर वली | कार्यपालिका सदस्य | |
| ६ | श्री शिव बहादुर खत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री वेल बहादुर चन्द | कार्यपालिका सदस्य | |
| ८ | श्री टोप बहादुर कार्की | कार्यपालिका सदस्य | |
| ९ | श्री टेकराज पुलामी मगर | कार्यपालिका सदस्य | |
| १० | श्री मित्रलाल रिजाल | कार्यपालिका सदस्य | |
| ११ | श्री सुमित्रा राना | कार्यपालिका सदस्य | |
| १२ | श्री लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री टंकी परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री डिल्ली कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री तिल कुमारी कामी | कार्यपालिका सदस्य | तिलकुमारी |
| १६ | श्री विष्णु वली राजी | कार्यपालिका सदस्य | |

सहयोगी कर्मचारीहरु

| | | | |
|---|---|---|---|
| १ | श्री यज्ञ बहादुर खत्री | अधिकृत छैठौं | |
| २ | श्री एकलाल राना | लेखापाल | |
| ३ | श्री दीप बहादुर वली | एमआईएस अपरेटर | |
| ४ | श्री छविलाल खत्री | कार्यालय सहयोगी | |

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२. सडक मर्मत सम्भार सम्बन्धमा ।

३. एम्बुलेन्स भाडा दर संशोधन सम्बन्धमा ।

४. भारतीय दूतावाससँग एम्बुलेन्स माग सम्बन्धमा ।

५. विविध सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं. १**

कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको तेस्रो बैठकले गरेका निर्णयहरुको समीक्षा गरियो निर्णयहरुको कार्यान्वयन सन्तोषजनक रुपमा भैरहेको पाईयो ।

**निर्णय नं. २**

कालिमाटी गाउँपालिका अन्तर्गत रहेका स्थानीय सडकहरु वर्षाका कारण अवरुद्ध भएकोले प्राविधिक मूल्यांकन बमोजिम जिल्ला दररेट अनुसार घटिघटाउमा काम गर्नको लागि सात दिनको सूचना प्रकाशन पश्चात सवैभन्दा कम दररेटमा प्रस्ताव पेश गर्ने निर्माण व्यवसायीले आफूले कबुल गरेको दररेटमा पालिकासँग सम्झौता गर्ने र सम्झौता बमोजिम तथा प्राविधिक सिफारिस अनुसार गुणस्तरीय काम गर्ने, काम सम्पन्न पश्चात सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरी सो योजना सम्पन्न प्रतिवेदन तथा वडाको सिफारिस अनुसार पालिकाले अन्तिम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

कालिमाटी गाउँपालिकाको स्थानीय राजपत्रमा एम्बुलेन्स सेवा संचालन सम्बन्धी कार्यविधि, २०७९ बमोजिम स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच विस्तार गर्न तथा एम्बुलेन्स सेवा सरल, भरपर्दो, व्यवस्थित तथा प्रभावकारी रुपमा संचालन गर्नको लागि अनुसूची-१ दफा (८) को उपदफा (१) सँग सम्बन्धित भाडादरलाई समायानुकूल तपसिल बमोजिमका स्थानहरुमा नयाँ भाडादर कायम गर्ने निर्णय गरियो ।

गाउँपालिका अध्यक्ष

तपसिल

| क्र.सं. | स्थान | | पुरानो भाडा दर | नयाँ भाडा दर |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | कालिमाटी | तुल्सिपुर | ३०००।- | २५००।- |
| २ | कालिमाटी | मेहलकुना | ४५००।- | ३५००।- |

निर्णय नं. ४

कालिमाटी गाउँपालिकामा एम्बुलेन्स सेवा प्राप्तिका लागि भारतीय दुतावाससँग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ५

क. कालिमाटी गाउँपालिका वडा नं ५ मा कार्यरत ना.प्रा.स. श्री गंगाराम बुढाथोकी कार्यालयको कामको सिलसिलामा जाँदा रा १ व १४०६ नं. मोटरसाइकल मि २०८१/०२/१६ गते सुर्खेतको हर्रेमा दुर्घटना परि मोटरसाइकल पूर्णरुपमा क्षति भएको क्षतिपूर्ति स्वरुप मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन शीर्षकबाट ४०,०००।-अक्षरुपी चालिस हजार भुक्तानी गर्ने निर्णय गरियो ।

ख. आउँदै गरेको विजयादशमी, शुभदीपावली तथा छठ पर्वको पावन अवसरमा शुभका आदानप्रदान तथा कार्ड छपाईको लागि प्रतिवडा रु १०,०००।- अक्षरुपी दशह उपलब्ध गराउने निर्णय गरियो ।

ग. कालिमाटी गाउँपालिका क्षेत्रभित्र रहेका प्रहरी चौकीहरुले बडा दशैको शुभअवर हातहतियार तथा मौलो पुजा गर्ने परम्परा रहेको हुँदा सो मौलो पुजा कार्यक्रमको इलाका प्रहरी कार्यालय रामपुर रु १५,०००।- प्रहरी चौकी बालुवा रु १०,०००।- चौकी घुइयावारी रु १०,०००।- रकम उपलब्ध गराउने निर्णय गरियो ।

घ. कालिमाटी गाउँपालिका क्षेत्रभित्र रहेका मठ मन्दिर रङरोगन, शिलालेख र व्यवस्थाप विजयादशामी तथा शुभदीपावलीको पावन असरमा परम्परागत रुपमा लाग्ने मेला प तपसिल बमोजिमका वडाहरुलाई तपसिल बमोजिमको रकम पालिकास्तरीय र कार्यक्रम शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| वडा | कार्यक्रम | विनियोजित रकम | कै |
|---|---|---|---|
| १ | कोटमेला प्रवर्द्धन कार्यक्रम,देउराली कोटी मन्दिर व्यवस्थापन र झिरघाट मेला | ९० हजार | |
| २ | वडा भित्र रहेका मठ मन्दिर रङ रोगन, मूर्ति खरिद तथा मर्मत | ५० हजार | |
| ३ | फारुला मेला कार्यक्रम संचालन | ४० हजार | |
| ५ | कालिकादेवी मन्दिर रङरोगन तथा व्यवस्थापन | ७० हजार | |
| ६ | वडा भित्र रहेका मठ मन्दिरहरुको रङ रोगन, मूर्ति खरिद तथा मर्मत सम्भार | ४० हजार | |
| ७ | घुइयावारी शिव मन्दिर शिलालेख तथा मूर्ति खरिद | ५० हजार | कार्यालय |

ङ. कालिमाटी गाउँपालिका वडा नं. १ स्थित सातलखोला क्षेत्रमा विद्युत लाइन विस्तार गर्नको लागि पालिकाबाट रु २० लाख बजेट विनियोजन भएको सो विद्युत लाइन बिस्तार गर्नको लागि विद्युत प्राधिकरण सल्यानलाई अनुरोध गर्ने निर्णय गरियो ।

च. कालिमाटी गाउँपालिका वडा नं. ३ स्थित श्री कुइरेपानी लामीडाँडा खानेपानी मिति २०८१/०६/११ देखि १३ सम्म परेको अविरल वर्षाका कारण खानेपानी पाइप पूर्ण रुपमा क्षत्ति भएकाले सो पाइपको प्राविधिक इष्टमेट निर्माण गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

झ. कालिमाटी गाउँपालिका भित्र रहेका कानूनी परामर्श तथा कानूनी उपचारको लागि विविध चालु शीर्षकबाट रकमान्तर गरी रु ३,००,०००।- (अक्षरुपी तीनलाख) बजेट व्यवस्थापन गर्ने निर्णय गरियो।

ञ. प्राकृतिक तथा दैविक प्रकोपका कारण क्षतिपूर्ति स्वरुप उपलब्ध गराउने राहतको लागि विपद शीर्षकबाट रकामान्तर गरी रु ५,००,०००।- (अक्षरुपी पाँचलाख) उपलब्ध गराउने निर्णय गरियो ।

ट. कालिमाटी गाउँपालिकाको शिक्षा समितिले मिति २०८१।०४।२६ र मिति २०८१।०५।२७ गते गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

... बहादुर खत्री (के.सी.)
गाउँपालिका अध्यक्ष